# शारदा नगरपालिका

## नगर प्रहरी सम्बन्धी ऐन , २०७९

**नगर सभाबाट स्वीकृत मितिः २०७९/०९/२९**
**प्रमाणीकरण मितिः २०७९/०९/२९**

प्रस्तावना : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) क.१ ले दिएको अधिकार प्रयोग गरी शारदा नगरपालिकाले यो नगर प्रहरी सम्बन्धि ऐन, २०७९ बनाई लागू गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१) यो ऐनको नाम "शारदा नगरपालिकाको नगर प्रहरी सम्बन्धी ऐन, २०७९"रहेको छ।
२) यो ऐन नगरपालिकाको नगरसभाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।

**२. परिभाषाः** बिषय र प्रसंगले अर्को अर्थ नलागोस यस ऐनमा –

क) "ऐन" भन्नाले शारदा नगर प्रहरी ऐन, २०७९ लाई सम्झनु पर्दछ।
ख) "नगरपालिका" भन्नाले शारदा नगरपालिकालाई सम्झनु पर्दछ।
ग) "मूख्य कार्यालय" भन्नाले नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
घ) "समिति" भन्नाले शारदा नगरपालिकाको पदपूर्ति समितिलाई सम्झनु पर्दछ।
ङ) "नगर प्रहरी" भन्नाले शारदा नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्दछ।
च) "करार पद" भन्नाले म्याद तोकिएको नगरपालिकाको सभाद्धारा स्वीकृत करार पदलाई सम्झनु पर्दछ।
छ) "परिवार" भन्नाले नगर प्रहरी कर्मचारीसँग बस्ने तथा निज आफैले पालनपोषण गर्नुपर्ने कर्मचारीको पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो शब्दले पुरुष प्रहरीको हकमा निजको बाजे,बज्यै तथा महिला नगर प्रहरीको हकमा निजको सासु ससुरा समेत जनाउँछ।
ज) "भत्ता" भन्नाले शारदा नगरपालिकाले समय समयमा तोकिदिए बमोजिमको भत्तालाई सम्झनु पर्दछ।
झ) "आर्थिक बर्ष" भन्नाले श्रावण १ गते देखि शुरु भई अषाढ मसान्तमा समाप्त हुने अवधिलाई सम्झनु पर्दछ।
ञ) "कार्यपालिका" भन्नले शारदा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।
ट) "सभा"भन्नाले शारदा नगरपालिकाको नगरसभा सम्झनु पर्दछ।
ठ) "प्रमुख" भन्नाले शारदा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ।
ड) "उपप्रमुख" भन्नाले शारदा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।
ढ) "प्रमुख प्रशासाकीय अधिकृत" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्न नेपाल सरकारबाट खटाईएको अधिकृतलाई सम्झनु पर्दछ।
ण) "तोकिएको वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

त) “जवान” भन्नाले अधिकृत बाहेकका प्रहरी जवान सम्झनु पर्छ ।

थ) “नगर प्रहरी कर्मचारी” भन्नाले नगर प्रहरी अधिकृत र जवानलाई समझनु पर्छ ।

**३. ऐनको व्याख्या नगरपालिकाले गर्ने**:

१) कुनै अधिकारीले यस ऐनको प्रयोग गर्दा नगर प्रहरी कर्मचारीलाई मर्का परेमा निजले नगरपालिका प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

२) उपदफा (१) को सम्बन्धमा नगरपालिकाले निवेदन परेको मितिले ३५ दिन भित्र निर्णय गरीसक्नु पर्नेछ ।

## परिच्छेद २

## नगर प्रहरी सेवा गठन रेखदेख र नियन्त्रण

**४. नगर प्रहरी सेवाको गठनः**

१) नगरपालिकामा एक नगर प्रहरी सेवा समूह रहनेछ ।

२) नगर प्रहरी सेवाको गठन र त्यसमा रहने नगर प्रहरी कर्मचारीहरुको संख्या नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**५. नगरपालिकामा रहने नगर प्रहरीको पद र तह**:

१) नगर प्रहरीमा नगर कार्यपालिकाले तोकेको पद र तह रहने छन् ।

२) नगरपालिकाले प्रत्येक पदको कार्य विवरण बनाउने छ र त्यस्तो कार्य विवरण सम्वन्धित पदको काम, कर्तव्य, उत्तरदायित्व तथा अधिकार समेत उल्लेख गरिनेछ ।

३) नगर प्रहरी प्रमुख लगायत नगर प्रहरी कर्मचारीहरुको काम, कर्तव्य, अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद –३

## नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

**६. नगर प्रहरीको काम, कर्तव्य र अधिकारः** देहायको कार्यमा सहयोग पुर्‍याउनको लागि नगरपालिकाले नगर प्रहरीको परिचालन गर्न सक्नेछः

क) नगरपालिकाको नीति कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन गर्ने/गराउने

ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

ग) स्थानीय सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन गर्ने ।

घ) स्थानीय बजार तथा पार्किङ स्थलको रेखदेख र व्यावस्थापन गर्ने ।

ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने ।

च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन गर्ने र गराउने ।

छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षाको प्रवन्ध गर्ने।

ज) विपद् व्यावस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनस्थापना कार्यमा खटिई आवश्यक कार्य गर्ने ।

झ) अनाधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण गर्ने ।

ञ) छाडा पशु चौपायको नियन्त्रण गर्ने ।

ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने ।

ठ) सार्वजनिक आवागमनमा बाधा पु¥याई राखेका निर्माण सामाग्री पसल व्यावसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफै हटाई हटाउन लाग्ने खर्च सम्बन्धीत व्याक्तिबाट असुल उपर गर्न पेश गर्ने ।

ड) सार्वजनिक जग्गा बाटो मठ, मन्दिर, ढल, नाला, चोक, पोखरी, मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्याक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने । प्रतिवेदन पेश गर्ने र आदेश अनुसार भत्काउने ।

ढ) नगरपालिका क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखीएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन कानून शाखा मार्फत प्रमुख समक्ष पेश गर्ने । मापदण्ड विपरीत निर्माण भएको देखिएमा भत्काउने आदेश दिएमा भत्काउने ।

ण) स्वास्थ्यका लागि हानिकार चिज तथा सडेगलेको खाद्य पदार्थ विक्री वितरण रोक लगाउने तोकिएको मापदण्ड विपरित सडेगलेको हानिकार चिज वस्तु विक्री गरेको पाइएमा पहिलो पटकमा भए जफत गरी गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गर्न लगाउने

त) रोगी वा कानूनले निषेध गरेका पशुपंक्षी, जिवजन्तहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंक्षी जिवजन्तुका मासु बिक्री वितरणमा रोक लगाउने । अटेर गरेमा जफत गरी नष्ट गर्ने । साथै जरिवाना समेत खुलाई राय  पेश गर्ने ।

थ) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारवाही गर्ने । मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

द) खतरा उत्पन्न हुने रुख काट्न लगाउने । जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

ध) वडा समिति, टोल सुधार समिति, तथा नेपाल प्रहरीसँगको सहकार्यमा सरसफाई,सुरक्षा र सामाजीक विकृति हटाउने कार्य गर्ने गराउने ।

न) ईजाजत विना पेशा, व्यावसाय गरेको फेला परेमा पेशा व्यावसाय दर्ता/नविकरण गर्न लगाउने ।

ऩ) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, मसाज पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने । मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

प) नगरपालिका क्षेत्र भित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृती जन्य क्रियाकलापमा रोक लगाउने।

फ) शारदा नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतीका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने ।

ब) अरुलाई वाधा पुग्ने गरी लाउड स्पिकर,  रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने ।

भ) बजारमा ध्वनी, धुवाँ, प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा वाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने ।

म) एम्बुलेन्सलाई २४  सै घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त राहत कार्यमा सहयोग पुऱ्याउने ।

य) माथी तोकिए बमोजिमका कार्यहरु समन्वय गरी जिम्मेवारी  लिई जवाफदेहिता समेत बहन गर्ने ।

र) नगरपालिकाले तोकेको भौतिक पूर्बाधार निर्माणसँग सम्बन्धीत कार्यहरु एंव अन्य कार्यहरु गर्ने गराउने ।

ऱ) स्थानीय बिद्यालयहरुमा पठनपाठन कार्यमा सहयोग पुऱ्याउने ।

ल) पर्यावरण संरक्षण कार्यमा सरिक हुनुका साथै जनचेतनामूलक कार्य गर्ने ।

ळ) नदीजन्य पदार्थको अवैधानिक उत्खनन्, भण्डारण, विक्री वितरण र निकासीलाई नियन्त्रण गर्ने तथा स्थानीय श्रोत परिचालनमा सहयोग एवं जमीनको अधिकतम उपयोग गर्न सकृय हुने ।

ऴ) महिला तथा घरेलु हिसां, कुरिती, कुसंस्कार बिरुद्ध जनचेतना संचालन गर्ने ।

व) स्थानीय सरकारको विनियोजीत बजेट र योजनाको प्राप्त जिम्मेवारी अनुसार सम्पन्न गर्ने ।

श) नगरपालिकाले सञ्चालन गर्ने आर्थिक उत्पादनका परियोजनाहरुमा आवश्यक जनशक्ति पूर्ति गर्ने र कार्य सञ्चालन गर्ने ।

ष) समाजमा हुने रक्सि जाँड, महिला हिंसा, चोरी डकैती, लागु औषध प्रयोग तथा उत्पादन रोक्न भूमिका खेल्ने ।

स) तोकिए बमोजिम जनसेवा, सामूहिक श्रम, उद्यमशीलता आदिमा सरिक हुने साथै नगरपालिका प्रमुख,उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद –४

## तह विभाजन र पदपूर्ति

**७. स्थायी पद श्रृजना गर्न नपाईने:**

१) नगरपालिकामा रहने नगर प्रहरी को लागि स्थायी पद सिर्जना गर्न पाईने छैन ।

२) नगरपालिकाको लागि आवश्यक नगर प्रहरी खुला प्रतिस्पर्धाको आधारमा सेवा करारमा पूर्ण वा आंशिक वा स्वयंमसेवकको रुपमा पारिश्रमिक पाउने गरी भर्ना गरिनेछ ।

३) उपदफा (२) बमोजिम नगर प्रहरीको पद सिर्जनाका लागि प्रस्ताव पेश गर्दा संख्या र पदमा रहने नगर प्रहरीका विभिन्न तहका दरवन्दीहरुको श्रृजना नगर कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

४) नगरसभामा पद श्रृजना तथा खारेजका लागि प्रस्ताव पेश गर्नु भन्दा अघि सो पद श्रृजना गर्नुपर्ने कारण, प्रस्तावित पदले गर्नुपर्ने कामको विवरण, मौजुदा दरबन्दीले थप गरेको कार्यबोझ सम्हाल्न सक्ने नसक्ने अवस्था, आर्थिक क्षमता तथा प्रस्तावित पदले संगठनात्मक स्वरुपमा पार्ने प्रभाव स्पष्ट गरी सभा समक्ष पेश गर्नु पर्नेछ ।

५) नगर प्रहरीको देहायका पदहरु खुल्ला प्रतियोगिताद्धारा पूर्ति गरी वा सेवा परिवर्तन गरी पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने गरी सेवा करारमा नियुक्ति हुनेछन्:

क) नगर प्रहरी नायव निरीक्षक

ख) नगर प्रहरी सहायक निरीक्षक

ग) नगर प्रहरी हवल्दार

घ) नगर प्रहरी जवान

ङ) नगर प्रहरी सहयोगी

**८. नियुक्ति गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले नगर प्रहरी नियुक्ती गर्नेछ ।

**९. पदपूर्ति गर्ने तरीका:**

१) नगर प्रहरी नायव निरीक्षक पदमा साठी प्रतिशत र नगर प्रहरी सहायक निरीक्षक पदमा चालीस प्रतिशत खुल्ला प्रतियोगिताद्धारा र बाँकी बढुवाद्धारा करारमा पदपूर्ति गरिनेछ तर ३ वर्ष सेवा अवधि नपुगी बढुवाको लागि सम्भावित उम्मेदवार हुन पाइने छैन । र पहिलो पटक पदपूर्ति गर्दा १०० प्रतिशत नै खुल्ला प्रतियोगिताद्धारा गरिनेछ ।

२) नगर प्रहरी जवान र सहयोगी पदमा शतप्रतिशत खुल्ला प्रतियोगीताद्धारा पदपूर्ति गरिनेछ ।

३) उपदफा (१) र (२) बमोजिम खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्दा नगर प्रहरीलाई समावेश बनाउन खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदमध्ये पैतालीस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहाय बमोजिमका उम्मेदरवारका बीचमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

क) महिला ३३ प्रतिशत

ख) आदिबासी/जनजाती २७ प्रतिशत

ग) दलित २५ प्रतिशत

घ) विपन्न १५ प्रतिशत

४) उपदफा ३ को खण्ड (क), (ख), (ग) को प्रयोजनको लागि महिला आदिवासी, जनजाती, दलित भन्नाले आर्थिक र सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाति र दलितलाई सम्झनु पर्छ।

५) उपदफा ३ बमोजिम पदपूर्ति गर्ने प्रयोजनका लागि आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, आदिवासी/जनजाती र दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिम हुनेछ। तर त्यसरी नतोकेसम्म लागि नगरपालिकाले तोकेको महिला, आदिवासी /जनजाती र दलित समुदायलाई आर्थिक तथा सामाजिक रुपमा पछाडि परेको समुदाय मानिनेछ।

६) उपदफा (३) बमोजिम छुट्याईएका पदको दरखास्त पेश गर्दा देहाय बमोजीमका प्रमाण संलग्न हुनुपर्नेछ।

क) आदिवासी जनजातिको सूचिमा स्पष्ट खुलेको जाति बाहेको अन्यको हकमा आदिवासी/जनजातिका लागि नेपाल आदिवासि/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबाट आदिवासी/जनजाति भनि प्रमाणित भएको।

ख) दलितको सूचीमा स्पष्ट खुलेको दलित जाति बाहेक अन्यको हकमा दलितका लागि राष्ट्रिय दलित आयोगबाट दलित प्रमाणित भएको।

ग) विपन्नको हकमा नगरपालिका वा कानुन बमोजीमको अन्य निकायले दिएको विपन्न प्रमाणित कागजात।

७) उपदफा (३) बमोजिम प्रतिशत निर्धारण गर्दा एक प्रतिशत भन्दा कम घातांक आएमा त्यस्तो घातांक जुन समुदायको हकमा आएको हो सो भन्दा लगत्तै पछीको समुदायमा सर्दे जानेछ।

८) उपदफा (३) बमोजीम छुट्याइएको पदमा कुनै दरखास्त नपरेमा वा आवश्यक संख्यामा उम्मेदवार उत्तिर्ण हुन नसकी आवश्यक संख्यामा पदपूर्ति हुन नसकेमा त्यसरी नपुग भएको पद संख्या खुल्ला प्रतियोगितामा सहभागि भई उत्तिर्ण भएका उम्मेदवारबाट पूर्ति गरिनेछ।

९) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगर प्रहरीको मुख्य काममा कुल जनशक्तिको १ तिहाई खटिने र २ तिहाई श्रम उत्पादन कार्यमा लाग्ने छन्।

१०) नगर प्रहरी पदमा साधारणतया सुरक्षा निकायमा आवश्यक न्युनतम योग्यता भएकालाई नियुक्ति दिइने छ। तर स्थानीय आवश्यकतालाई मध्यनजर गर्दै निम्न उम्मेदवारलाई पनि अवसर दिईनेछ।

क) स्थानीय सरकारको क्षेत्रमा कार्यरत कर्मचारी र शिक्षक

ख) स्थानीय सरकारको क्षेत्रमा रहेका सिकर्मी, डकर्मी, पलम्बर, ईलेक्ट्रिसियन, कृषि, वन, जडिबुटि विषयमा तालिम प्राप्त व्यक्तिहरुलाई स्वयंसेवकको रुपमा नियुक्ति गर्न सकिने छ।

ग) नगरपालिकामा योग्य युवाहरु (पूर्व सुरक्षाकर्मी, पूर्व कर्मचारी, कलाकार, शिक्षक, बुद्धिजिबी आदि)

**१०. खुल्ला प्रतियोगितामा भाग लिन सक्ने व्यक्तिहरुः**

१) नगर प्रहरी नायव निरीक्षक पदको लागि हुने खुल्ला प्रतियोगितामा निम्नलिखित योग्यता भएका व्यक्तिहरुले भाग लिन सक्नेछन्

क) दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ बर्ष उमेर पुगेको पुरा भई ३५ बर्ष ननाघेको। तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारी वा पूर्व सुरक्षाकर्मी वा म्यादी प्रहरीको हकमा ४५ बर्ष ननाघेको।

ख) महिला उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष पुरा ननाघेको।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह (PCL/Intermediate) वा (10+2) उत्तीर्ण।

घ) भुतपुर्व सुरक्षा निकायमा कार्यरतको हकमा शैक्षिक योग्यता आबश्यक नपर्ने।

ङ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोग सजाय नपाएको।

च) कुनै राजनितिक पार्टीको सदस्य नरहेको।

छ) मानव अधिकार र मानवीय कानुनको उल्लंघनमा सजाय नपाएको।

ज) महिलाहरुको लागि घटिमा ५ फिट र पुरुषको लागि घटिमा ५ फिट ३ इन्च उचाई भएको।

झ) छाती नफुलाउँदा घटिमा ३१ इन्च र फुलाउँदा ३३ इन्च भएको।

ञ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको।

ट) स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाण पत्र पाएको

ठ) नेपाली नागरिकताको प्रमाणपत्र पाएको।

**११ . खुल्ला प्रतियोगितामा भाग लिन नगर प्रहरी सहायक निरीक्षक लागि आवश्यक न्युनतम योग्यता**

१) नगर प्रहरी सहायक निरीक्षक पदको लागि देहाएको योग्यता हुनुपर्नेछः

क) दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ बर्ष उमेर पुगेको र ३५ बर्ष ननाघेको। तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारी वा पूर्व सुरक्षाकर्मी वा म्यादी प्रहरीको हकमा ४५ बर्ष ननाघेको।

ख) महिला उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह (PCL/Intermediate) वा (10+2) उत्तीर्ण।

घ) भुतपुर्व सुरक्षा निकायमा कार्यरतको हकमा शैक्षिक योग्यता आबश्यक नपर्ने।

ङ) यस दफामा उल्लेख भए बाहेकका अन्य कुरा दफा १० मा तोकिए बमोजीम हुनेछ।

**१२. नगर प्रहरी जवान, हनल्दार र नगर प्रहरी सहयोगी पदमा भर्नाः**

१) नगर प्रहरी हवल्दार, नगर प्रहरी जवान नगर प्रहरी सहयोगी पदमा नियुक्ति हुन चाहने उम्मेदवारले नगरपालिकाले तोके बमोजिमको फारम भरी पदपूर्ति समितिमा निवेदन दिनु पर्नेछ।

२) उपदफा (१) बमोजिम निवेदन दिने उम्मेदवारको देहायको योग्यता पुगेको हुनुपर्नेछ –

क) दरखास्त पेश गर्ने अन्तिम मितिसम्म १८ बर्ष उमेर पुगेको र ३५ बर्ष ननाघेको। तर खुल्ला प्रतियोगितामा भाग लिने वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारी वा पूर्व सुरक्षाकर्मी वा म्यादी प्रहरीको हकमा ४५ बर्ष ननाघेको।

ख) महिला उम्मेदवारको हकमा १८ वर्ष पुरा भई ४० वर्ष पुरा ननाघेको।

ग) मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. (SLC)/एस.ई.ई. (SEE) वा सो सरह उत्तीर्ण।

घ) नैतिकपतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको
ङ) राजनीतिक पार्टीको सदस्य नरहेको ।
च) कुनै विध्वंसात्मक संस्थाको सदस्य नभएको ।
छ) स्वीकृति प्राप्त चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।
ज) आँखा माईनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।
झ) छाती नफुलाउँदा घटीमा ३० इन्च र फूलाउँदा ३२ इन्च भएको ।
ञ) नेपाली नागरिक ।
ट) महिलाको लागि घटीमा ५ फिट र पुरुषको लागि घटीमा ५ फिट ३ इन्च उचाई भएको ।

**१३. पदपूर्ति समितिः**

१) नगरपालिकाको कार्यविधिमा उल्लेख भए बमोजिम तोकेको गठित पदपूर्ति समिति नै देहायको नगर प्रहरीहरुको पदपूर्ति समिति हुनेछ ।

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | - सयोजक |
| ख) नेपाल प्रहरी/सशस्त्र प्रहरी नेपालको कम्तिमा अधिकृतस्तर कर्मचारी एक जना | -सदस्य |
| ग) एक जना मेडिकल अधिकृतस्तर कर्मचारी | -सदस्य |
| घ) नगर प्रहरी प्रमुख | -सदस्य |
| ङ) प्रशासन महाशाखा/शाखा प्रमुख | -सदस्य सचिव |

२) नगर प्रहरीहरुको नयाँ पदपूर्तिका लागि छनौट प्रकृयामा नगरपालिका स्थित प्रहरी कार्यालयको प्रतिनिधि र नगर प्रहरी प्रमुखलाई विज्ञको रुपमा आमन्त्रित गरिनेछ ।

**१४. पदपूर्ति समितिको काम, कर्तव्य र अधिकारः**

१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ
क) दफा ९ बमोजीम पदपूर्तिको लागि प्रतिशत निर्धारण गर्ने ।
ख) खुल्ला प्रतियोगिताद्धारा पूर्ति हुने पदको पाठ्यक्रम निर्धारण गर्ने ।
ग) पदपूर्ति कार्यतालिका बनाउने ।
घ) परीक्षाको किसिम तोक्ने ।
ङ) पदपूर्ति लागि विज्ञापन प्रकाशन गर्ने ।
च) परीक्षा संचालन तथा नतिजा प्रकाशन गर्ने ।
छ) नियुक्तिका लागि सिफारिश गर्ने ।
ज) लोकसेवा आयोगबाट स्वीकृत प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तमा पदपूर्ति समितिले गर्ने भनी तोकिएका पदपूर्तिसँग सम्बन्धीत अन्य कार्य गर्नै ।

२) पदपूर्ति समितिले नगर प्रहरी सेवा समूहको लागि खुल्ला प्रतियोगिताद्धारा पदपूर्ति गर्ने सम्बन्धमा आवश्यकता अनुसार कार्यविधिगत निर्णय गरी कार्यान्वयन गर्न सक्नेछ ।

**१५. योग्यताक्रम सूची तयार गर्नेः**

१) उम्मेदवारहरुले दिइएको परीक्षा र अन्तवार्तामा प्राप्त गरेको अंकको आधारमा योग्यताक्रम सूची तयार गरी पदपूर्ति समितिले नियुक्ति का लागि सिफारिस पेश गर्नेछ । कुल पदको बढीमा १५ प्रतिशत सम्म योग्यताक्रमनुसार वैकल्पिक उम्मेदवार राखिनेछ ।

२) उपदफा (१) बमोजिम सिफारिस गरिएका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस गर्नेछ ।

३) नियुक्तिको लागि सिफारिस भएको मितिले १५(पन्ध्र) दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ

४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति पत्र दिनेछ ।

**१६. जेष्ठाताक्रम कायम गर्नेः**

१) नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

२) वैकल्पिक उम्मेदवारहरुले एक वर्ष सम्म पनि नियुक्ति प्राप्त गर्न नसकेमा उक्त सूची स्वतः खारेज हुनेछ ।

**१७. परीक्षणकालमा राखिनेः** नयाँ सेवा करारमा नियुक्त गरिएका नगर प्रहरी कर्मचारीलाई सुरुमा पूर्ण वा आंशिक वा स्वयमसेवकको रुपमा पारिश्रमिक पाउने आधारमा बढिमा छ महिनाको सेवा करार सम्झौता गरिनेछ । सो अवधिमा नगर प्रहरी कर्मचारीले सन्तोषजनक काम नगरेमा नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सेवा करार सम्झौता रद्द गर्न सक्नेछ ।

**१८. करार नियुक्ति थपः** दफा १६ बमोजिमको अवधिमा नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा नगर प्रहरी अधिकृत आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र नेपालको राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर मात्र नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियुक्ति सदर गरिनेछ र थप १ वर्षको लागि करार अवधी थप हुनेछ ।

**१९. करार नियुक्ति सदरः**

१) दफा १६ बमोजिमको अवधिमा रहेको नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक भएमा र नगर प्रहरी आधारभूत तालिममा उत्तीर्ण भएमा नगरपालिकाको झण्डा र राष्ट्रिय झण्डा छुवाई शपथग्रहण गराएर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतबाट करार नियक्ति सदर गरी थप १ वर्षको करार नियुक्ति दिइनेछ ।

२) वैकल्पिक उम्मेदवारको रुपमा रहेका व्यक्तिहरुलाई पदपूर्ति समितिले नियुक्ति गर्ने अधिकारी समक्ष नियुक्तिका लागि सिफारिस पेश गर्नेछ ।

३) नियुक्तिको लागि सिफारिस भएको मितिले पैतिस दिनभित्र नगरपालिकाले नियुक्तिपत्र दिने निर्णय गरी सक्नु पर्नेछ ।

४) उपदफा (३) बमोजिम निर्णय भएको मितिले सात दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले नियुक्तिपत्र दिनेछ ।

**२०. जेष्ठताक्रम कायम गर्नेः** नगर प्रहरी नायव निरीक्षक र नगर प्रहरी सहायक निरीक्षकको जेष्ठताक्रम कायम गर्दा निजहरुले आधारभूत तालिममा प्राप्त गरेको अंकको आधारमा कायम गरिनेछ ।

## परिच्छेद-५
## सरुवा तथा बढुवा

**२१. सरुवा सम्बन्धी व्यवस्था:** अधिकृतस्तरको नगर प्रहरी कर्मचारीको सामान्यतया वर्षको एक पटक नगर प्रहरी प्रमुखको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नेछ । अन्य नगर प्रहरी कर्मचारीहरुको सरुवा प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम नगर प्रहरी प्रमुखले गर्नेछ।

**२२. बढुवा गर्ने अधिकारी:** पदपूर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले बढुवा गर्नेछ।

**२३. बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्ने अवधि:**

१) नगर प्रहरी हवल्दार देखि नगर प्रहरी नायव निरीक्षक सम्म एकतह मुनिको पदमा कम्तिमा निरन्तर रुपमा तीन वर्षको सेवा करार अवधि पुगेको र अधिकृतस्तरका प्रहरी कर्मचारीको हकमा एक तह मुनिको पदमा कम्तिमा ५ वर्ष सेवा करार सेवा पुगेको हुनुपर्नेछ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा कुनै पनि नगर प्रहरी कर्मचारीको बढुवाको लागि सम्भाव्य उम्मेदवार बन्न सक्ने छैन:

क) निलम्वन भएको निलम्वनको अवधिभर,

ख) बढुवा रोक्का गरिएकोमा सो अवधिभर,

ग) तल्लो पदमा घटुवा भएकोमा सो भएको मितिले दुई वर्षसम्म,

घ) हालको पदमा तीन पटकसम्म नसिहत पाएको भए अन्तिम पटक नसिहत पाएको मितिले एक वर्षसम्म,

ङ) सेवा परिवर्तन गराई नगर प्रहरी सेवामा प्रवेश गरेको नगर प्रहरी कर्मचारी भएमा सेवा परिवर्तन भएको मितिले एक वर्षसम्म।

**२४. बढुवा गर्दा कार्य क्षमताको मूल्याङ्कन गर्ने आधार:**

१) नगर प्रहरी कर्मचारीलाई बढुवा गर्दा यस ऐन बमोजिम कार्य क्षमताको मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने कर्मचारीलाई पहिले बढुवा गरिनेछ।

तर समान अंक प्राप्त गर्ने उम्मेदवारहरुको हकमा देहायको क्रमले निर्णय गरिनेछ –

क) एकतह मुनिको पदमा सेवामा प्रवेश गर्दा निर्धारण भएको योग्यताक्रमको आधारमा,

ख) खण्ड (क) बमोजिम निर्णय हुन नसकेमा त्यसभन्दा एकतह मुनिको पदमा गरेको नोकरी अवधिको आधारमा,

ग) खण्ड (ख) बमोजिम निर्णय हुन नसकेमा आधारभूत तालिमबाट कायम गरिएको जेष्ठताक्रमको आधारमा,

घ) नगर प्रहरी कर्मचारीको कार्यक्षमताको मूल्याङ्कन गर्दा देहायका कुराहरुलार्य आधार मानिने छ –

१) नोकरीको जेष्ठता

२) कार्यसम्पादन मूल्याङ्कन

३) शैक्षिक योग्यता

४) तालिम

ङ) जेष्ठताको अंक गणना गर्दा हाल बहाल रहेको पदमा काम गरेको प्रत्येक वर्षको लागि २ अंकका दरले बढीमा ३० अंक प्रदान गरिनेछ । त्यसरी अंक गणना गर्दा एक वर्षभन्दा बढी चानचुन महिना वा दिनको लागि दामासाहीका हिसाबले अंक दिइनेछ।

च) बढुवाका लागि नगर प्रहरी सेवाको कुनै पनि पदमा प्रवेश गर्न आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता वापतको मात्र अंक दिइनेछ।

छ) शैक्षिक योग्यता वापत बढीमा १५ (पन्ध्र) अंक दिइनेछ र त्यस्तो योग्यता वापतको अंकको गणना देहाय बमोजिम गरिनेछ।

| क्र.स. | शैक्षिक योग्यता | प्रथम | द्वितीय | तृतीय | कैफियत |
|---|---|---|---|---|---|
| १ | हाल बहाल रहेको पदमा नयाँ नियुक्ति दिंदा आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता भएमा | १० | ८ | ६ | |
| २ | आवश्यक न्यूनतम योग्यता भन्दा माथिल्लो सम्बन्धित एउटा उपाधि भएमा | ५ | ४ | ३ | |

तर,

१) श्रेणी नखुलेको शैक्षिक प्रमाण पत्रको हकमा विश्वविद्यालयले स्तर निर्धारण गरेकोमा सोही अनुसारको श्रेणी कायम गरी र सो नभएमा द्वितीय श्रेणी सरहको अंक दिइनेछ।

२) कम्पार्डमेन्टल परीक्षा पास गरेको भए तृतीय श्रेणी मानिनेछ।

ज) कार्य सम्पादन बापत कार्यसम्पादन मूल्याङ्कन फाराममा उल्लेख भए अनुसार कार्य सम्पादन मूल्याङ्कन गरी बढीमा ५० अंक दिइनेछ।

झ) तालिम वापत प्रथम, द्वितीय र तृतीय श्रेणीको लागि क्रमशः पाँच, चार र तीन अंक दिइनेछ।

## परिच्छेद–६
## नगरपालिकाको प्रशासन र नगर प्रहरीको सम्बन्ध

**२५. नगरपालिका प्रशासनको नियन्त्रण रहने**: नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्थाको कुरामा बाहेक समस्त नगर प्रहरी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र विषयगत जिम्मेवारी तोकिएको अधिकार प्राप्त अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन्।

**२६. नगर प्रहरी प्रमुख मार्फत लेखापढी हुने**: नगरपालिकाले नगर प्रहरी संगठनसँग लेखापढी गर्दा सामान्यतया नगर प्रहरी प्रमुख मार्फत नै गर्नुपर्नेछ।

**२७. कारबाही गर्दा परामर्श लिने**: नगरपालिकाले कुनै पनि अधिकृत तहका नगर प्रहरी कर्मचारीलाई अनुशासनहीनताको कारवाही गर्दा आवश्यकतानुसार नगर प्रहरी प्रमुखको परामर्श लिन सक्नेछ।

## परिच्छेद–७
## बिदा

**२८. बिदा सम्बन्धी व्यवस्था**:बिदा अधिकारको रुपमा नभई सहुलियतको रुपमा प्रदान गरीनेछ

१) नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा बिदाको दावी गर्न पाउने छैन।

२) कामको अनुकुल हेरी बिदा दिने अधिकारीले आफ्नो तजबीजबाट बिदा दिन अथवा नदिन पनि सक्नेछ । साथै आवश्यक परेमा बिदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत बिदा रद्द गरी बोलाई काममा लगाउन सक्नेछ ।

३) नगर प्रहरी कर्मचारीहरुले देहायको बमोजिमका बिदा पाउने छन् —

क) भैपरी आउने र पर्व बिदा

ख) विरामी बिदा

ग) किरिया बिदा

घ) प्रसुती बिदा

ङ) प्रसुति स्याहार बिदा

**२९. बिदा नलिई घर बस्ने नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउनेः**

१) यस ऐन बमोजिम बिदा नलिई नगर प्रहरी कर्मचारी गैर हाजिर हुन पाउने छैन ।

२) दफा (१) को उल्लंघन गरी गैर हाजिर हुने नगर प्रहरी कर्मचारीलाई नगरपालिकाले सेवाबाट हटाउन सक्नेछ ।

तर निकास नहुँदै बिदा बसी पछि सो गैर हाजिर भएको अवधिको लागि बिदाको निवेदन गरी सो बिदा स्वीकृत भएमा यो नियम उल्लंघन गरेको मानिने छैन ।

**३०. भैपरी/पर्व विदाः**

१) नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व बिदा पाउनेछ ।

२) भैपरी/पर्व बिदा साधारणतया एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ ।

३) भैपरी/पर्व बिदा एक सालको अर्को सालमा लिन पाइने छैन ।

४) बिदा वस्नु परेमा कुनै प्रहरी कर्मचारीले बिदाको स्वीकृति लिई रहन नभ्याएमा बिदा बसे पछि स्वीकृति गराए पनि हुन्छ

५) भैपरी/पर्व बिदा बसेका नगर प्रहरी कर्मचारीहरुले पूरा तलब, भत्ता पाउनेछ ।

६) भैपरी/पर्व बिदा शनिबार बाहेक अरु बिदासँग मिलाई लिन पाइने छैन ।

**३१. बिरामी विदाः**

१) आफ्नो पदको कर्तव्य पालना गर्दा चोटपटक लाग्न गई वा विरामी भई अस्पतालमा भर्ना भई उपचार गराउँदा सम्बन्धीत चिकित्सकले कामगर्न नसक्ने भनि गरेको सिफारिस बमोजिम लाग्ने दिन बाहेक प्रत्येक नगर प्रहरी कर्मचारीले वर्षको १२ दिन तलब, भत्ता सहित विरामी बिदा पाउनेछ ।

२) नगर प्रहरी कर्मचारी अशक्त भई संचित बिरामी बिदाले नपुग भएमा निजलाई बढीमा १२ दिनसम्मको पेश्की बिदा दिन सकिनेछ ।

३) सात दिनभन्दा बढी अवधिको बिरामी बिदा माग गर्ने नगर प्रहरी कर्मचारीले स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

तर यस्तो प्रमाणपत्र पेश गर्न साधारणतया सम्भव छैन भन्ने बिदा दिने अधिकारीलाई विश्वास भएमा निजले सो व्यहोरा खुलाई प्रमाणपत्र पेश नगरी बिदा दिन सक्नेछ ।

४) निलम्बनमा रहेको नगर प्रहरी कर्मचारीले सो अवधिभरको बिरामी बिदा पाउने छैन ।

**३२. किरिया विदाः**

१) नगर प्रहरी कर्मचारी आफै किरियामा बस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया बिदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया बस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई समेत दिइनेछ ।

२) यस्तो किरिया बिदा बस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र  पाउनेछ।

**३३. प्रसुती विदाः**

१) महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसुती बिदा पाउनेछन।

२) प्रसुती बिदा बस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब, भत्ता र  पाउनेछ।

३) प्रसुती बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ। साथै नगरपालिकाले दिएको सुविधा उपभोग गर्न पाउनेछ।

४) उल्लेख भएअनुसारको बिदाको अभिलेख कर्मचारीको बिदा स्वीकृत गर्ने शाखाले अद्यावधिक बनाई राख्नु पर्नेछ।

**३४. प्रसुती स्याहार विदाः**

१) प्रसुती स्याहार बिदा सेवा अवधिभर दुई पटक मात्र दिइनेछ साथै नगरपालिकाले दिइएको सुविधा उपभोग गर्न पाउनेछ।

२) नगर प्रहरी कर्मचारीको पत्नी सुत्केरी हुने भएमा त्यस्तो कर्मचारीले सुत्केरी हुनुभन्दा अघि वा पछि गरि पन्ध्र दिन प्रसुती स्याहार बिदा लिन सक्नेछ। यो बिदा सेवा अवधिमा दुई पटक सम्म पाउनेछ।

३) प्रसुती स्याहार बिदामा बस्ने कर्मचारीले पूरा तलब, भत्ता र  पाउनेछ।

४) प्रसुती स्याहार बिदा लिनेः नगर प्रहरी कर्मचारीको बिदा स्वीकृत गर्ने कार्यालयले अद्यावधिक बनाई राख्नु पर्नेछ।

५) प्रसुति स्याहार बिदामा बस्ने कर्मचारीले जन्म दर्ता प्रमाण पत्र वा सम्बन्धित अस्पतालको प्रमाणपत्र पेश गर्नु पर्नेछ।

**३५. सट्टा विदाः** कुनै पनि सार्वजनिक बिदाको दिन ड्यूटी गर्ने नगर प्रहरी कर्मचारीलाई आलोपालो मिलाई नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा सट्टा बिदा दिन सक्नेछ।

तर यस्तो सट्टा बिदा एकपटकमा पाँच दिन भन्दा बढी हुने छैन।

**३६. बिदा माग गर्ने अवधिः**

१) बिदाको निकासाका निमित्त नगर प्रहरी कर्मचारीले आफूलाई चाहिएको बिदाको अवधि, कारण र विदेश जानुपर्ने भए सो समेत खुलाई आफ्नो कार्यालय मार्फत बिदा दिने अधिकारी समक्ष निवेदन पेश गर्नु पर्नेछ र बिदा दिने अधिकारीले पनि बिदा स्वीकृत वा अस्वीकृत भएको सूचना सो नगर प्रहरी कर्मचारीलाई दिनु पर्नेछ।

२) देहायको कुरामा बिदा दिने अधिकारीलाई चित्त बुझेमा निजले निवेदनको मिति भन्दा अघिको मितिबाट बिदा स्वीकृत गर्न सक्नेछः

क) बिदा दिने अधिकारीको पूर्व स्वीकृति दिन सम्भव थिएन भने,

ख) पूर्व स्वीकृति प्राप्तिको लागि निवेदकले सकभर प्रयास गरेको थियो भने,

**३७. बिदा दिने अधिकारीः**

१) देहायको बिदा स्वीकृत गर्ने अधिकार देहायको अधिकारीलाई हुनेछ –

| **बिदाको किसिम** | **बिदा स्वीकृत गर्ने अधिकारी** |
|---|---|
| १) भैपरी आउने र पर्व बिदा | नगर प्रहरी प्रमुख |
| २) विरामी बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ३) प्रसुती बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ४) किरिया बिदा | प्रमुख प्रशासकीय अधिकृत |
| ५) सट्टा बिदा | प्रमुख प्रशासकीय अधिकृत |

२) यस्ता स्वीकृत भएका बिदाहरुको अभिलेख १५ दिन भित्र प्रशासन शाखामा अनिवार्य उपलब्ध गराउनु पर्नेछ।

**३८. बिदा परिणत नहुने**: यस परिच्छेद बमोजिम नगर प्रहरी कर्मचारीले जुन बिदा लिई बसेको हो सोही बिदा नै उपभोग गर्नु पर्नेछ। पहिले कुनै एक किसिमको बिदा स्वीकृत भएकोमा त्यस्तो बिदा पछि किरिया बिदा वा प्रसुति बिदा बाहेक अर्को किसिमको बिदामा परिणत गराउन पाइने छैन।

**३९. सार्वजनिक बिदा गाभिने**: भैपरी आउने र पर्व बिदा बाहेक अरु कुनै प्रकारको बिदा लिई बसेको नगर प्रहरी कर्मचारीले सो बिदा भुक्तान हुँदा सार्वजनिक बिदा पर्न गएमा र सार्वजनिक बिदा पछि कार्यालय हाजिर नभएमा सो सार्वजनिक बिदाको अवधि पनि निज कर्मचारीले लिएको बिदा वा सो बिदा बाँकी नभएमा लिन पाउने अरु बिदामा बसेको मानिनेछ।

**४०. कार्यालयमा अनुपस्थित हुने उपर कारबाही**: बिदा नलिई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलव कट्टी गरी विभागीय सजाय समेत गर्न सकिनेछ। यसरी गयल भएको अवधि सेवा अवधिमा गणना हुने छैन।

**४१. निकासा लिन नभ्याएमा**: कुनै नगर प्रहरी कर्मचारीलाई आवश्यक परी बिदामा नबसी नहुने अवस्था पर्न आएको भन्ने निकटतम माथिल्लो अधिकारीलाई लागेमा र सो बिदा स्वीकृत हुने देखिएमा निजले त्यस्तो नगर प्रहरी कर्मचारीलाई बिदामा बस्न लिखित आदेश दिई त्यसको सूचना बिदा दिने अधिकारी समक्ष पठाउनुपर्छ।

**४२. गयल खाली जनाउने**: कुनै नगर प्रहरी कर्मचारी गयल परी सो कुराको जनाउ नगरपालिका प्रशासन शाखामा पठाई सकेपछि सम्बन्धित नगर प्रहरी कर्मचारीले बिदा स्वीकृत हुन पर्ने व्यहोरा दर्शाई आफू गयल परेको सूचना पाएको मितिले १५ दिनभित्र आफूलाई गयल गर्ने अधिकारी भन्दा एकतह माथिको सम्बन्धित अधिकारी समक्ष प्रतिवेदन दिन सक्नेछ। सो प्रतिवेदन उपर छानविन र जाँच पड्ताल गर्दा नगर प्रहरी कर्मचारीको प्रतिवेदन व्यहोरा साँचो देखिन आएमा सम्बन्धित अधिकृतले बिदा स्वीकृत गरी थमौती गरेको व्यहोरा लेखि पठाउन सक्नेछ।

**४३. झुट्टा कारण देखाएमा सजाय हुने**: कुनै नगर प्रहरी कर्मचारीले कुनै झुट्टा कारण देखाई विरामी बिदा, किरिया बिदा र प्रसुती बिदा लिई बसेको ठहरिएमा त्यस्तो नगर प्रहरी कर्मचारी विभागीय सजायको भागी हुनेछ।

**४४. तालिम अवधिमा बिदा बस्ने बारे**: यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सार्वजनिक बिदा र किरिया बिदा बाहेक साधारणतया अरु कुनै बिदा दिइने छैन।

## परिच्छेद-८
## आचरण

**४५. दान उपहार लिन नहुने**: आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्य समेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघसंस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्स, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुँदैन।

**४६. चन्दा लिन नहुने**: कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै कामको निमित्त कुनै किसिमको चन्दा माग्न अथवा स्वीकार गर्नु हुँदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन।

**४७ . सम्पत्तिको विवरण दिनुपर्ने**:

१) नगर प्रहरी कर्मचारीले नियुक्ति भएको तथा आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र नगरपालिकाले तोकिएको शाखा समक्ष देहायको सम्पत्तिको विवरण तोकिएको ढाँचामा दाखिला गर्नु पर्नेछ।

क) आफ्नो वा परिवारको सदस्यको नाममा भएको प्रत्येक अचल सम्पत्ति र शेयर, बैंक मौज्दातको विवरण।

ख) आफूसँग वा आफ्नो नाउँमा रहेको नगद, जवाहरत, सुन, चाँदीको अन्दाजी मूल्य।

२) उपदफा (१) बमोजिमको विवरण दाखिला गर्दा संयुक्त परिवारमा रहेको नगर प्रहरी कर्मचारीले आफ्नो परिवारको प्रमुखको नाममा निजसँग रहेको सम्पक्तिको विवरण दाखिला गर्नुपर्नेछ।

३) आफ्नो सम्पत्तिमा थपघट भएमा अख्तियारवालालाई सोको सूचना तीन महिनाभित्र दिनु प्रत्येक नगर प्रहरी कर्मचारीको कर्तव्य हुनेछ।

**४८. व्यापार व्यावसाय गर्न नहुने:** कुनै नगर प्रहरी कर्मचारीले कार्यालयको स्वीकृति बेगर देहायका काम गर्नु हुँदैनः

क) कुनै व्यापार गर्न,

ख) कुनै फर्मको हिस्सेदार वा सञ्चालक हुन र

ग) कुनै व्यवसाय चलाउन।

**४९. नगरपालिकाको काममा थाहा पाएका कुराहरु प्रकाशन गर्न नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैह्रसरकारी संघसंस्थाबाट प्राप्त गरेको वा आफैले लेखेको अथवा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनाधिकृत कर्मचारीलाई वा गैह्रसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिन हुँदैन।

**५०. रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुने:** नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्राप्त नगरी कुनै पत्रपत्रिकामा आफ्नै वास्तविक अथवा काल्पनिक नामबाट अथवा बेनामी कुनै लेख प्रकाशित गर्न अथाव रेडियोद्वारा प्रसारण गर्न हुँदैन।

**५१. नगरपालिकाको आलोचना:** नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना गर्दा नगरपालिकाको नीतिको बिरुद्ध असर पर्ने गरी वा नगरपालिका र नगरपालिकाबासीमा खलल पुग्ने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन।

**५२. निर्वाचनमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत माग्न वा अन्य कुनै प्रकारले प्रभाव पार्न हुँदैन।

**५३. राजनीतिमा भाग लिन नहुने:** नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसँग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथवा कुनै राजनैतिक संस्था वा आन्दोलनलाई अन्य कुनै प्रकारले आफ्नो प्रभाव पार्न सहयोग गर्न हुँदैन।

**५४. समय पालन र नियमितता:** नगर प्रहरी कर्मचारीले ठीक समयमा तथा नियमित रुपमा आफ्नो पालोमा हाजिर हुनुपर्दछ र साधारणतया पहिले बिदाको निकासा नलिई काममा अनुपस्थित हुनु हुँदैन।

**५५. अनुशासन र आज्ञापालन:**

१) नगर प्रहरी कर्मचारीले आफ्नो कर्तव्य तत्परताको साथ पालन गर्नुपर्दछ।

२) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकतासाथ पालन गर्नुपर्दछ।

३) नगर प्रहरी कर्मचारीले आफुभन्दा माथिका सबै अधिकृतहरु प्रति उचित आदर देखाउनुपर्नेछ।

**५६.नगर प्रहरी कर्मचारीले बाहिरी प्रभाव पार्न नहुने:** नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्बन्धी कुरामा आफुभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अथवा प्रभाव पार्ने प्रयत्न गर्न हुँदैन।

५७. बहुबिवाह, बालबिवाह,अनमोल बिवाह प्रतिबन्ध नगर प्रहरी कर्मचारीले मुलुकी ऐन बिहाबारीको महलको विपरीत हुने गरी विवाह गर्नु गराउनु हुँदैन।

## परिच्छेद —९

## सजाय र पुनरावेदन

**५८. सजायः** उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ

क) नसिहत दिने ।

ख) शारीरिक थकाई हुने(फटिक) सजाय गर्ने ।

ग) तलव वृद्धि वा पदोन्नति रोक्का गर्ने ।

घ) तल्लो तहमा घटुवा गर्ने ।

ङ) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गर्ने ।

च) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

छ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

**५९.नसिहत दिने वा प्रतिकुल राय लेख्नेः** नगर प्रहरी कर्मचारीले काममा साधरण लापरवाही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिदाँ पनि निजले काममा लापरवाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

**६०.तलव वृद्धि वा पदोन्नति रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको तलब वा पदोन्नति रोक्का गर्न सक्नेछ ।

**६१.दर्जा र तलब घटाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा सजाय गर्ने अधिकारीले तल्लो पद वा तल्लो टाइम स्केल वा त्यही टाइम स्केलमा ओराल्न सक्ने र नगरपालिकालाई हानि नोक्सानी पुऱ्याएको मा सो समेत निजबाट भराउन सक्नेछ ।

क) सन्तोषजनक काम नगरेमा ।

ख) अनुशासनहीनता गरेमा ।

ग) आचरणसम्बन्धी दफा उल्लंघन गरेमा ।

घ) नियुक्ति भएको एक वर्षभित्रै नोकरीबाट अलग हुन झुठ्ठा कारण देखाएमा ।

ङ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

च) मनासिव कारण नभई वा बिदा नलिई बिदा बसेकोमा वा गैरहाजिर भएमा ।

छ) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

**६२. नोकरीबाट हटाउने वा बर्खास्त गर्नेः** देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

क) अयोग्यताको कारणले आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेमा ।

ख) राजनीतिमा भाग लिएमा ।

ग) बरावर अनुशासनहीनताको काम गरेमा ।

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अवस्थामा मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा ।

च) भ्रष्टाचार गरेमा ।

छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा ।

ज) आचरण सम्बन्धी नियमहरु बरावर उल्लंघन गरेमा ।

झ) मनासिव कारण नभई वा बिदा बसेमा वा गैरहाजिर भएमा ।

**६३. सजाय सम्बन्धी कार्यविधिः**

१) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशाकीय अधिकृतलाई हुनेछ ।

२) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजाय समेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

३) त्यस्तो सूचना दिदाँ लगाइएका आरोप स्पष्ट किटिएको हुनुपर्नेछ । त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीले तोकिएको म्यादभित्र आफ्नो सफाईको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्पष्टीकरण पेश गर्नुपर्नेछ ।

४) तर भागी पत्ता नलागेको वा अरु कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा यस दफा बमोजिमको कार्यविधिको रीत पुऱ्याउनु पर्ने छैन ।

क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपर्ने भएमा सजाय गर्ने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नेछ ।

ख) सफाई पेश गर्ने मौका दिन मनासिव नपर्ने भएमा सो कुराको टिप्पणी खडा गरी त्यस्ता नगर प्रहरी कर्मचारीलाई सफाई पेश गर्ने मौका दिनुपर्ने छैन् ।

ग) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम वा अन्य कुनै अधिकृतद्धारा जाँचवुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारीसमेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

घ) कुनै नगर प्रहरी कर्मचारी माथि लागेको कुनै अभियोगको जाँचवुझ गर्नुपरेमा सजाय गर्ने अधिकारीले जाँचवुझ समाप्त नहुन्जेल सो नगर प्रहरी कर्मचारीलाई निलम्वन गर्न सक्नेछ ।तर यस्तो निलम्वनको अवधि ६ महिनाभन्दा बढी हुनेछैन

ङ) उपदफा (घ) बमोजिम निलम्वन अवस्थामा रहेको नगर प्रहरी कर्मचारीलाई निजले पाउने तलब भत्ताको एक चौथाई दिइनेछ ।

च) कुनै फौजदारी अभियोगमा गिरफ्तार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्बित हुनेछ ।

तर,

क) निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले सो अवधिको चौथाइ तलव पाएको भए सो कट्टा गरी र नपाएको भए पुरै (तलब वृद्धि हुने भएमा सो समेत) पाउने छ । कसुरदार ठहरिएमा निलम्बन भएका मितिदेखिको बाँकी तलब भत्ता पाउने छैन् ।

ख) कुनै कर्मचारी नगरपालिकाको कामको सम्बन्धमा वा नेपाल सरकारबाट भएको कारवाहीको सिलसिलामा निलम्बन भएको नभई अरु नै कारणबाट निलम्बन रहन गएको रहेछ भने त्यसरी निलम्बन रहेको अवधिको तलब भत्ता पाउने छैन् ।

**६४. सजायको आदेश दिनेः** जाँचवुझको काम समाप्त भएपछि सम्बन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टीकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पष्टिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

**६५. सेवाको अन्त्य गर्नेः** कुनै नगर प्रहरी कर्मचारीलाई देहायको अवस्थामा निजको सेवा अन्त गर्नुपर्दा यस दफा बमोजिमको कार्यविधि अपनाउनु पर्ने छैन।

क) परीक्षणकालमा रहने गरी नियुक्ति भएकोमा नियुक्ति सदर नहुदै,

ख) स्वीकृत चिकित्सकको बोर्डले शारीरिक दृष्टिले अनुपयुक्त ठहऱ्याएमा।

**६६. पुनरावेदनको कार्यविधिः**

१) दफा ६४ अन्तर्गत आदेशमा चित्त नबुझी पुनरावेदन गर्ने कर्मचारीले आफ्नो नामबाट पुनरावेदन दिनुपर्नेछ।

२) पुनरावेदन गर्ने व्यक्तिले पुनरावेदनमा आफ्नो सफाइको निमित्त जो भएको प्रमाण राखी पुनरावेदन शिष्ट भाषामा लेखिएको हुनुपर्नेछ। पुनरावेदनका साथमा जुन आदेशको विरुद्ध पुनरावेदन हो सो आदेशको नक्कल पनि राख्नुपर्नेछ

३) पुनरावेदन दिंदा प्रमुख प्रशासकीय अधिकृत मार्फत नगरपालिका अध्यक्ष समक्ष पेश गर्नुपर्नेछ।

४) सजायको सूचना पाएको पैतिस दिनभित्र पुनरावेदन दिनुपर्नेछ।

५) पुनरावेदन तहबाट भएको निर्णय अन्तिम हुनेछ।

**६७. नगर प्रहरी सेवामा पुनर्वहाली भएपछि पुरा तलव भत्ता पाउनेः** कुनै नगर प्रहरी कर्मचारीलाई सेवाबाट हटाउने वा वर्खास्त गर्ने आदेश न्यायिक समिति वा अधिकारीबाट रद्द भई निज सेवामा पुनर्वहाली भएमा सेवाबाट हटाइएको वा बर्खास्त गरिएको मितिदेखि पुनर्वहाली भएको मितिसम्मको पूरा तलव भत्ता र तलव वृद्धि पाउने भए तलव वृद्धिसमेत निजले पाउनेछ

## परिच्छेद -१०

## अवकाश , उपदान र निवृत्तिभरण

**६८. अनिवार्य अवकाशः**

१) यो ऐन जारी भएपछि नियुक्ति भएका देहायका नगर प्रहरी कर्मचारीको देहायवमोजिमको उमेर पुगेपछि वा निजको सेवा अवधि ३० वर्ष पुरा भएपछि निजलाई सेवाबाट अवकाश दिइनेछ।

क) नगर प्रहरी नायब निरीक्षक - ५५ वर्ष

ख) नगर प्रहरी सहायक निरीक्षक - ५३ वर्ष

ग) नगर प्रहरी हवल्दार / नगर प्रहरी जवान - ५० वर्ष

२) उमेरको हद,पदको अवधि वा सेवा अवधिमध्ये कुनै एक पुगेपछि नगर प्रहरी कर्मचारीले सेवाबाट अवकाश पाउने छ

३) कायम मुकायम मुकरर भएमा पदको अवधि लागु हुने छैन। तर तल्लो पदमा नोकरीको अवधि लागु हुने रहेछ भने कायम मुकायम मुकरर भएको पदमा पदोन्नति हुन नसके तल्लो पदको अवधि नै लागू हुनेछ।

स्पष्टीकरण नियमको प्रयोजनको लागि नगर प्रहरी कर्मचारीको उमेरको हिसाव गर्दा देहाय बमोजिम गरिनेछः

क) नोकरीमा प्रवेश गरेको बेलामा निजले पेश गरेको शैक्षिक संस्थाको प्रमाणपत्रमा किटिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर।

ख) त्यस्तौ अभिलेख नभएमा निजले नोकरीका प्रवेश गरेको बेलामा लेखिएको जन्म मिति वा वर्षबाट हुन आउने उमेर

**६९. उपदानः** नगर प्रहरी कर्मचारीले उपदान पाउने छैनन्।

**७०. निवृत्तिभरणः**

१) नगर प्रहरी कर्मचारीले निवृत्तिभरण पाउने छैनन्।

२) यस नियममा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि नगर प्रहरी कर्मचारी डिउटीमा खटिएको वेला वा दैवि प्रकोप उद्धारको समयमा कुनै आकस्मिक दुर्घटनामा परी वा लडी अशक्त भएमा त्यस्तो नगर प्रहरी कर्मचारीलाई सेवाबाट अवकाश दिईनेछ र अशक्तताको आधारमा देहाय बमोजिमको समितिको सिफारिसमा एकमुष्ट राहत प्राप्त गर्नेछः

क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख) प्रतिनिधि चिकित्सक, नेपाल सरकार मातहतको अस्पताल - सदस्य

ग) आर्थिक प्रशासन शाखा प्रमुख -सदस्य

घ) प्रतिनिधि नगर प्रहरी प्रमुख - सदस्य

ङ) प्रशासन महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

३) दफा (२) बमोजिम गठित समितिलाई कुनै नगर प्रहरी कर्मचारीको मृत्यु आफ्नो कर्तव्य पालन गर्दा वा तालिम लिँदा दुर्घटना वा विपद् वा अन्य कुनै यस्तै प्रकारको घटनामा परी भएको हो वा होइन भन्ने अशक्तताको सम्बन्धमा निर्णय गर्ने समेत अधिकार हुनेछ।

## परिच्छेद -११
## तलब, भत्ता

**७१.तलव भत्ताः** नगर प्रहरी कर्मचारीले नियुक्ति पाएको वा बढुवा भएको मितिदेखि तलव भत्ता पाउने छ। तलव र भत्ता नगर प्रहरीले पाउने सुविधालाई आधार लिई तोके अनुसार हुनेछ।

**७२. टाइम स्केलः**

१) टाइम स्केलअनुसार तलब पाउने पदमा नयाँ नियुक्ति पाउने व्यक्तिले सामान्यत स्केलमा लेखिएको न्युनतम तलव पाउने छ।

तर अख्तियारवालाले कारणसमेत जनाई लिखित अनुरोध गरेमा नगरपालिकाले निजको प्रारम्भिक तलवलाई टाइम स्केलभित्रको कुनै माथिल्लो स्थानमा तोक्न सक्नेछ। असाधारण योग्यता भएका व्यक्तिहरुको हकमा मात्र अख्तियारवालाले यस्तो अनुरोध गर्न सक्नेछ।

२) उच्चस्तर टाइम स्केलको कुनै पदमा स्थायी रुपमा बढुवा पाउने नगर प्रहरी कर्मचारीले पनि उक्त उच्चतम टाइम स्केलमा लेखिएका न्युनतम तलव पाउने छ।

**७३.तलब वृद्धिः** नगर प्रहरी कर्मचारीले वार्षिक ग्रेड वृद्धि पाउनेछैन।

**७४. कायम मुकायम भई काम गरेको तलब भत्ताः** कुनै नगर प्रहरी कर्मचारीले कुनै माथिल्लो पदमा कायम मुकायम भई काम गरेमा काम गरेकै मितिदेखि निजले माथिल्लो पदको तलब भत्ता पाउने छ।

## परिच्छेद १२
## कायम मुकायम र कार्यवाहकको व्यवस्था

**७५. कायम मुकायम मुकरर गर्न सक्नेः**

१) नगर प्रहरी सेवाका कुनै पदमा साधरणतया कायम मुकायम मुकरर गरिने छैन।
तर पद रिक्त रहेको अवस्था परी कार्यालयको दैनिक कार्य संचालन गर्न वाधा पर्न गएमा कायम मुकायम मुकरर गर्न सकिने छ।

२) यस दफा बमोजिम कायम मुकायम मुकरर गर्दा एकतह मुनिका कर्मचारीहरु मध्ये बढुवाको लागि योग्य भएका मध्येबाट सबै भन्दा जेष्ठ नगर प्रहरी कर्मचारीलाई मात्र कायम मुकायम मुकरर गरिने छ।

३) कुनै नगर प्रहरी कर्मचारी जुन पदमा कायम मुकायम मुकरर भएको हो निजले सो पदको दर्ज्यानी चिन्ह सहित सम्पूर्ण अधिकार प्रयोग पाउने छ।

**७६. कायम मुकायम गर्ने अधिकारीः**

१) नगर प्रहरी कर्मचारीलाई कायम मुकायम मुकरर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ।

२) दफा (१) बमोजिमको कार्यवाहक तोक्दा तल्लो पदमा रहेको सबैभन्दा वरिष्ठ नगर प्रहरी कर्मचारीलाई कार्यवाहक तोकिने छ।

३) दफा (१) बमोजिम कार्यवाहक भई काम गर्न तोकिएको नगर प्रहरी कर्मचारीले त्यस्तो कार्यवाहक पदको सम्पूर्ण अधिकार प्रयोग गर्न पाउने छ।

४) देहायका अवस्थामा कायम मुकायम मुकरर गर्न सकिने छैनः–

क) नसिहत पाएकोमा सो सजाय पाएको मितिले एक वर्षको अवधि भए,

ख) निलम्बन भएकोमा सो अवधिभर,

ग) बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

घ) तलब बृद्धि रोक्का भएमा रोक्का अवधिभर।

**७७. निमित्त भई काम गर्ने व्यवस्थाः**

१) कायम मुकायम वा कार्यवाहक नतोकिएको अवस्थामा एक महिना ननाघ्ने गरी कुनै कारणले कार्यालय प्रमुख अनुपस्थित भएमा सोही कार्यालयका सबै भन्दा बरिष्ठ नगर प्रहरी कर्मचारीले सो पदको निमित्त भई काम गर्नेछन्।

२) यसरी निमित्त भई काम गरेको अवधिको सम्पूर्ण जिम्मेवारी निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीको हुनेछ।

**७८. एक पदमा एक व्यक्तिमात्र कायम मुकायम वा कार्यवाहक हुनेः** कुनै एक पदमा एक समयमा एकभन्दा बढी व्यक्ति कायम मुकायम वा कार्यवाहक मुकरर हुन सक्ने छैन।

**७९. काम गरेको अवधिमा तलब भत्ताः**

१) कुनै एक पदमा कायम मुकायम वा कार्यवाहक वा निमित्त भई काम गर्ने नगर प्रहरी कर्मचारीले जुन पदमा काम गरेको छ सोही पदको तलब भत्ता र पाउने छ।
तर पन्ध्र दिनसम्म कार्यवाहक वा निमित्त भई काम गरे वापत कुनै किसिमको तलब भत्ता र दिइने छैन र पन्ध्र दिन भन्दा बढी अवधि कार्यवाहक वा निमित्त भई काम गरेकोमा पुरै अवधिको कार्यवाहक वा निमित्त भई काम गरे वापत तलब भत्ता र दिइने छ।

## परिच्छेद-१३
## तालिम

**८०. तालिमको व्यवस्था:** नगर प्रहरी कर्मचारीलाई कार्यकुशल एवं दक्ष तुल्याउन शारदा नगरपालिकाले तोकिए बमोजिमको आवश्यकतानुसार अन्य तालिम पनि दिन सकिनेछ।

**८१. तालिम सञ्चालन हुने स्थान:** नगर प्रहरीको तालिम नगरपालिकाले तोकिएको स्थानमा हुनेछ।

**८२. तालिमको अवधि:** नगर प्रहरी सेवाको सबै अधिकृत तथा जवानहरुको तालिमको अवधि शारदा नगर कार्यपालिकाले तोकेको पाठ्यक्रम अनुसार हुनेछ।

**८३. तालिमको अनिवार्यता:**

१) नगर प्रहरी सेवामा रहेका सबैमा नगर प्रहरी कर्मचारीहरुलाई आवश्यकतानुसाार तालिम लिन अनिवार्य हुनेछ। यस्तो तालिममा सम्मिलित गराइएको नगर प्रहरी कर्मचारीहरुले लापरवाही देखाई आफ्नो व्यवसायिक ज्ञान प्रति उदासिनता तथा गैरजिम्मेवारी देखाएको व्यहोरा अभिलेखमा जनाइनेछ।

२) व्यवसायिक तालिम हासिल गर्न उदासिनता देखाएको व्यहोरा अभिलेखमा जनाई सकेपछि निजहरुलाई पुनः एकपटक तालिमको मौका दिइनेछ। त्यसपछि पनि उदासिनता र गैरजिम्मेवारी देखाउनेलाई तल्लो पदमा झार्न वा सेवाबाट हटाउन सकिनेछ।

**८४. तालिमको पाठ्यक्रम:** विभिन्न तालिमहरुको पाठ्यक्रम तयार गर्न नगर प्रहरी प्रमुख समेत रहने एक समितिको गठन हुनेछ।

**८५. प्रशिक्षार्थीले पाउने सुविधा:**

१) नगरपालिका बाहिर प्रशिक्षार्थीहरुलाई तालिम लिन आउँदा जादाँको दैनिक भ्रमण भत्ता प्रचलित कानून अनुसार हुनेछ

२) तलब भत्ता पाउनेः नगर प्रहरी कर्मचारीहरुलाई नगर कार्यपालिकाले तोके बमोजिम तलब र भत्ता पाउने छन्।

**८६. तालिम सफल भएमा:** देहाए तालिममा सफल हुने नगर प्रहरी कर्मचारीहरुको हकमा देहाय बमोजिम हुनेछः–

क) नगर प्रहरी अधिकृत (आधारभूत) तालिममा सफल भएका र परीक्षण कालमा रहेका अधिकृतहरु करार नियुक्तिका लागि सामान्यतया योग्य हुनेछन्।

ख) रिक्रुट तालिममा सफल रिक्रुटहरु नगर प्रहरी जवानहरुमा करार नियुक्तिको लागि योग्य हुनेछन्।

**८७. समिति गठन हुने:** दफा ८७ र ८८ मा उल्लेख भएको व्यवस्थालाई कार्यान्वयन गर्न प्रमुख प्रशासकीय अधिकृतले तोके बमोजिमका अधिकृतहरु भएको एक समिति गठन हुनेछ। त्यस समितिले गरेको ठहर बमोजिम नियुक्ति गर्ने अधिकारीले निर्णय दिनेछ।

**८८. प्रारम्भिक पोशाक:**

१) सबै नयाँ भर्ना हुने अधिकृत तथा जवानहरुलाई तालिम केन्द्रबाट स्केल बमोजिम प्रारम्भिक पोशाक वितरण गरिनेछ।

२) नयाँ भर्ना हुने प्रशिक्षार्थीहरुको लागि चाहिने प्रारम्भिक पोशाक शारदा नगरपालिकाले दिनेछ।

**८९. तालिममा सामेल गराउने संख्या:** नगर प्रहरीको दैनिक कार्यमा तथा सामान्य प्रशासनमा वाधा नपर्ने गरी नगर प्रहरी प्रमुखले निर्णय भए अनुसार तालिम लिन नगर प्रहरी अधिकृत कर्मचारीहरु तोक्नेछन्।

**९०. प्रशिक्षण भत्ता:**राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका प्रशिक्षकहरुले पाए सरह प्रशिक्षण भत्ता दिइनेछ।

**९१. अतिथि प्रशिक्षकहरुको पारिश्रमिक:** अतिथि प्रशिक्षकहरुको पारिश्रमिक नगरपालिकाले तोके बमोजिम हुनेछ।

**९२. आन्तरिक तालिम:** एकै पटक नियुक्ति भएमा वा बढुवा भएमा नगर प्रहरी कर्मचारीलाई आन्तरिक तालिममा पठाउँदा साधारणतया समान अवसर प्राप्त हुने गरी तालिमको व्यवस्था मिलाउनु पर्नेछ र ३५ वर्ष उमेर नाघेकालाई शारीरिक तालिममा अनिवार्यता गरिने छैन।

## परिच्छेद–१४
## पोशाक

**९३. नगर प्रहरी पोशाक:** नगर प्रहरी पोशाकको रंग र किसिम तथा अन्य विवरण तोकिए बमोजिम हुनेछ।

**९४. प्रारम्भिक पोशाक र सामान:** प्रत्येक नगर प्रहरी कर्मचारीलाई तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ। एक पटक पोशाक र सामान उपलब्ध गराए पछि २ वर्ष सम्म दिइने छैन।

**९५. जाडो मौसमका लागि दिइने पोशाक:** प्रत्येक नगर प्रहरी कर्मचारीलाई जाडो मौसमको लागि पोशाक निःशुल्क दिइनेछ।

**९६. सेरोमेनियल पोशाक:** अधिकृत कर्मचारीहरुलाई सेरोमेनियल पोशाकको लागि तोकिएको रकम उपलब्ध गराइनेछ।

**९७. तयारी पोशाक वितरण गर्न नसकिएमा दिने सुविधा:** नगर प्रहरी कर्मचारीहरुलाई तोके बमोजिम सिलाई ज्याला दिइनेछ।

**९८. नगर प्रहरीको पोशाक सट्टा भर्ना:** नगर प्रहरी कर्मचारीहरुलाई निजहरुको मालसामान र पोशाक निश्चित अवधि नपुगी वा कामकाजको सिलसिलामा फाटी गएमा नगर प्रहरी प्रमुखले पेश गरे बमोजिम प्रमुख प्रशासकीय अधिकृतलाई उपयुक्त लागेमा सट्टा गरी नयाँ दिइनेछ।

## परिच्छेद–१५
## विविध

**९९. विभागीय आदेश र निर्देशन:** यस ऐनको परिधित्रि रही देहायका विषयमा नगर प्रहरी प्रमुखले प्रमुख प्रशासकीय अधिकृतको निर्देशन बमोजिम आदेश तथा निर्देशन जारी गर्न सक्नेछ।

१) कार्यमा छिटो छरिटो ल्याउने विषय
२) मातहतको नगर प्रहरी कार्यालयलाई नियन्त्रण गर्ने विषय
३) मातहतको कार्यालयको कार्यमा समन्वय कायम ल्याउने विषय
४) नियममा उल्लेख भएका कुराहरु स्पष्ट तथा विस्तृत गर्ने विषय
५) विभागीय अनुशासन सम्बन्धी व्यवस्था

**१००. स्वयंसेवकको रुपमा नगर प्रहरी भर्ना गर्न सकिने:**

१) नगरपालिकाले नगरपालिकाको आवश्यकता एवम् स्वास्थ्य र विपद्को दृष्टिकोणले ईच्छुक नागरिकले ६ महिना सम्मको लागि स्वयंसेवकको रुपमा कामकाज गर्ने गरी नगर प्रहरी भर्ना गर्न सक्नेछन्।
२) स्वयंसेवकको रुपमा नगरपालिकाले तोकेको कामकाज गर्ने गरी भर्ना गरिएका नगर प्रहरीहरुलाई निश्चित अवधि पुरा भईसकेपछि व्यवसायमा आवद्ध गरी स्वरोजगारीमूलक कार्यहरुमा ल्याउन प्रयत्न गरिनेछ।
३) स्वयंसेवकको रुपमा भर्ना भएका नगर प्रहरीले नगरपालिकाले तोकेको कार्यहरु अनिवार्य रुपमा सम्पादन गर्नुपर्नेछ। निजहरुले दैनिक जीवनयापनको लागि आवश्यक न्यूनतम रकम बाहेकको अन्य रकम पाउने छैनन्।
४) स्वयंसेवक प्रहरी सम्बन्धी अन्य व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१०१. पुरस्कार**ः देहायका पदाधिकारीहरुले आफ्नो र आफ्ना मातहत कार्यालयका नगर प्रहरी कर्मचारीहरुले आफ्नो कर्तव्य पालनको सिलसिलामा प्रसंशनीय काम गरेमा त्यस्तो नगर प्रहरी कर्मचारीहरुलाई पुरस्कार स्वरुप रकम उपलब्ध गराउन सिफारिस गर्न देहायको समिति गठन हुनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत

ख) प्रशासन शाखा प्रमुख

ग) नगर प्रहरी प्रमुख/निजले तोकेको नगर प्रहरी

**१०२. चाडपर्व खर्च पाउने**ः नगर प्रहरी कर्मचारीले खाईपाई आएको एक महिनाको तलब बराबरको रकम प्रत्येक वर्ष चाडपर्व खर्चको रुपमा पाउनेछन् ।

**१०३. अन्य सुविधा व्यवस्था**ःनगर प्रहरी कर्मचारीहरुलाई दिइने सुविधाहरु शारदा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**१०४. बाधा अड्काउ फुकाउ**ः शारदा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी कर्मचारीहरुको सेवा, शर्त, सुविधा र सञ्चालन यस ऐनमा व्यवस्था भएको हदसम्म यसै ऐन बमोजिम हुनेछ । यस ऐनमा व्यवस्था नभएका विषयहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ र सोमा नभएका व्यवस्थाहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**१०५. ऐन संशोधन**ः यस ऐनमा आवश्यक संशोधन शारदा नगरपालिकाको नगर सभाबाट गर्न सकिनेछ ।

**१०६. नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने**ः नगर कार्यपालिकाले यस ऐनको कार्यान्वनको लागि आवश्यकता अनुसार नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**आज्ञाले**
**लिलाधर बबाल**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

**नगर सभा बाट स्वीकृत मिति २०७९।०९।२९**